# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी
२०७३

सम्पर्क नं ९८५७६८३८१०
इमेल: ito.annamun@gmail.com
वेब:annapurnamunmyagdi.gov.np
G- Plus Code: FJJV+JH Sikha

गण्डकी प्रदेश, नेपाल

प.स. - ०८०/८१
च.नं.- ८२२

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०८०/११/०७
ने.सं- ११४४ सिल्लाथ्व, १० सोमबार

**विषय: ECD Portal प्रयोग गर्ने सम्बन्धमा।**

श्री अन्नपूर्ण गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरु सबै,

अन्नपूर्ण गाउँपालिका, म्याग्दी।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रारम्भिक बालविकास शाखा, सानोठिमी भक्तपुरको पत्र संख्या २०८०/८१, च.नं. ०६, मिति २०८०/१०/०९ को पत्रानुसार ह्याण्डीक्याप इन्टरनेशनल (HI) र सेतोगुराँस राष्ट्रिय बालविकास सेवासँगको सहकार्यमा समावेशी प्रारम्भिक बालबिकास लक्षित तालिम सामाग्री र बालविकास सम्बन्धी मौजुदा नीति, कानून, पाठ्यक्रम र तालिम तथा स्रोत सामाग्रीहरु संग्रह गरी उक्त केन्द्रको वेबसाइट https://cehrd.gov.np/ecedportal/ मा राखिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय बनाउन र प्रारम्भिक बालविकास सम्बद्ध सबै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि उक्त पोर्टलमा रहेका सामाग्रीहरुमा लक्षित समूहको पहुँच र ती सामाग्रीहरुको अधिकतम उपयोगको आवश्यक ब्यवस्थापनका लागि उक्त केन्द्रबाट उपलब्ध ECED Online Promotional Flayer समेत यसैसाथ संलग्न गरी राखिएको छ। उक्त ECD Portal र ECED Online Promotional Flayer सम्बन्धमा तहाँ विद्यालयका प्रारम्भिक बालविकास शिक्षकहरु र प्रारम्भिक कक्षाका विद्यार्थीका अभिभावकहरुलाई जानकारी गराई अधिकतम प्रयोगका लागि प्रोत्साहित गर्नु गराउनुहुन र विद्यालयका प्रारम्भिक बालविकासका कक्षाहरुमा अनिवार्य रुपमा ECD Portal को प्रयोग गर्ने ब्यवस्था मिलाउनु हुन अनुरोध छ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा अवगतार्थः**

श्री गाउँपालिका अध्यक्ष ज्यूः जानकारीका लागि सादर अनुरोध।

श्री गाउँपालिका उपाध्यक्ष ज्यूः जानकारीका लागि सादर अनुरोध।

श्री सूचना प्रविधि शाखाः गाउँपालिका website & Facebook Page मा अपलोड गरी सार्वजनिक गरिदिनुहुन।

श्री वडा कार्यालयहरु सबैः जानकारीका लागि अनुरोध।

# प्रारम्भिक बालविकास तथा शिक्षा पोर्टल

**शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा रहेको यो पोर्टल प्रारम्भिक बालविकास शिक्षकलाई बालबालिकासँगको दैनिक सिकाइक्रियाकलाप सहजीकरण गर्न जानकारीमूलक स्रोत सामग्री, व्यवहारिक अभ्यास, सिप तथा औजारहरू एकै ठाँउमा उपलब्ध गराउन बनाइएको हो ।**

## यस पोर्टलमा निम्न सामग्रीहरू राखिएका छन् ।

- प्रारम्भिक बालविकास तथा शिक्षाबारे सबैले जान्नैपर्ने मुख्य सामग्री तथा अन्य सन्दर्भ सामग्री,
- प्रारम्भिक बालविकास तथा शिक्षाका अभ्यासलाई थप बालमैत्री बनाउन खेलमा आधारित समावेशी क्रियाकलापहरूको सँगालो तथा भिडियोहरू,
- प्रारम्भिक बालविकास शिक्षकका लागि अनलाइन तालिम मोड्युलहरू ।




*यस पोर्टलका सबै सामग्री सरल पहुँच र सहभागिता सुनिश्चित गर्न अडियो भिडियो, सांकेतिक भाषा र बोलिएका कुरालाई लिखित रुमपा समेत राखिएको छ। यी सामग्री अपाङ्गता भएका बालबालिकासहित सबै बालबालिकाको समावेशिताका लागि उपयुक्त छ ।*

## लक्षित समूह

- प्रारम्भिक बालविकास शिक्षकहरु तथा प्रारम्भिक कक्षाका शिक्षकहरू,
- साना बालबालिकाको विकास तथा सिकाइमा सरोकार राख्ने सबै सरोकारवालाहरू ।

## प्रयोग गर्ने तरिका

- इन्टरनेट जोडिएको मोबाइल, ट्याबलेट वा कम्प्युटरमा इन्टरनेट ब्राउजर खोलेर https://cehrd.gov.np/ecedportal/ मा जाने वा यसमा भएको QR कोडलाई आफ्नो मोबाइल वा ट्याबलेटले स्क्यान गरेर पनि पोर्टललाई सीधै प्रयोग गर्न सकिन्छ ।

unicef for every child
handicap international
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर